नेपाल सरकार
गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

## सिन्धुली

प्रजिअ फोन : ०४७-५२०५३३
सप्रजिअ फोन : ५२०६१०
फ्याक्स : ५२०१३३

### जिल्ला प्रशासन कार्यालय, सिन्धुलीबाट जनहितमा जारी सूचना !

नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७८/०१/०६ गतेको बैठकबाट निर्णय भए बमोजिम श्री गृह मन्त्रालय, शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखाको चलानी नं. ३०४४, मिति २०७८/०१/०६ गतेको पत्रबाट नयाँ भेरियन्ट सहितको कोभिड-१९ महामारीको दोस्रो लहर रोकथाम तथा नियन्त्रण सम्बन्धी आदेश, २०७८ को पूर्ण रुपमा कार्यान्वयन गर्नका लागि मिति २०७८/०१/०८ गते बसेको जिल्ला कोभिड संकट व्यवस्थापन केन्द्र, सिन्धुलीको बैठकबाट भएका निर्णयहरुको कार्यान्वियन गर्ने गराउने सन्दर्भमा सर्वसाधारणको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

निम्न :

- विद्यालय र कलेजका पूर्व निर्धारित परिक्षा तथा चिकित्सा शिक्षाका सबै किसिमका प्रयोगात्मक कक्षा जनस्वास्थ्यका मापदण्ड पालना गरी संचालन गर्ने ।
- सिनेमा हल, पार्टी प्यालेस, डान्स बार, दोहोरी, नाचघर, क्लब, हेल्थ क्लव, जिम खाना, स्विमिङ पुल, फुटसल, सभा, आमसभा, जुलुस, हाटबजार, रङ्गशालामा हुने दर्शक सहितको खेलकुद र मानिसहरुको भिडभाड हुने अन्य सबै प्रकारका कार्यक्रम संवत् २०७८ साल बैशाख मसान्तसम्म बन्द गर्ने ।
- मठ, मन्दिर, मस्जिद, गुम्बा, चर्च लगायतका धार्मिक स्थलमा जनस्वास्थ्यका मापदण्ड पालना गर्ने गरी संवत् २०७८ साल बैशाख मसान्तसम्म नित्य पूजा, ध्यान र प्रार्थना मात्र गर्ने गराउने ।
- एक पटकमा पच्चिस जना भन्दा बढी जम्मा वा भेला हुन नहुने, कुनै पनि सामान अनावश्यक नछुने, दुई व्यक्तिको बीचमा दुई मिटर दुरी कायम गर्ने, मास्क अनिवार्य गर्ने, पटक पटक साबुन पानीले हात धुने वा सेनिटाइज गर्ने गरी सपिङ मल, डिपार्टमेण्टल स्टोर सञ्चालन गर्ने । जनस्वास्थ्य सम्बन्धि मापदण्ड पालना गर्ने गराउने दायित्व सम्बन्धित व्यवस्थापक वा संचालकको हुने ।
- मेला, महोत्सव, जात्रा, पर्व, विवाह, न्वारान, पास्नी, व्रतवन्ध, धार्मिक अनुष्ठान, मलामी लगायतका अत्यावश्क परम्परागत धार्मिक तथा सांस्कृतिक क्रियाकलापहरु सञ्चालन गर्दा पच्चीस जना भन्दा बढी भेला नहुने र जनस्वास्थ्यका मापदण्डको पालना हुने गरी मात्र सञ्चालन गर्ने । विवाह वा व्रतवन्धका लागि पार्टी प्यालेस प्रयोग गर्नु पर्ने भएमा जनस्वास्थ्यका मापदण्ड पालना गर्ने गरी सम्बन्धित प्रमुख जिल्ला अधिकारीको पूर्व स्वीकृत लिई पच्चीस जनामा नबढ्ने गरी गर्ने ।
- सभा, सम्मेलन, गोष्ठि, सेमिनार, समीक्षा, बैठक, तालिम, प्रशिक्षण जस्ता क्रियाकलापहरु सञ्चालन गर्दा भर्चुअल माध्यमबाट गर्ने । भौतिक रुपमा उपस्थित भई गर्नै पर्ने भएमा बढीमा पच्चीस जना मात्र सहभागी रहने गरी जनस्वास्थ्यका मापदण्ड पालना गरी सञ्चालन गर्ने ।
- सार्वजनिक यातायात सञ्चालन सम्बन्धमा देहाय बमोजिम गर्नेः-
  - क) सिट क्षमता भन्दा बढी यात्रु नराख्ने ।
  - ख) सबै यात्रुलाई मास्क अनिवार्य गर्ने,
  - ग) सवारी साधनको ढोकामा र सवारी साधनभित्र सेनिटाइजरको व्यवस्था गर्नु पर्ने,
  - घ) मास्क नलगाउने व्यक्तिलाई सवारी साधनमा प्रवेश गर्न नदिने,
  - ङ) सार्वजनिक यातायातमा कुनै यात्रुले मास्क नलगाई आएमा चालक वा सहचालकले बढीमा दश रुपैंया लिई मास्क उपलब्ध गराउनु पर्ने ।
- कार्यालय र पसल जस्ता सार्वजनिक स्थलमा सेनिटाइजर र मास्कको प्रयोग अनिवार्य गर्ने । कुनै व्यक्तिले मास्क नलगाई आएमा व्यवस्थापकले बढीमा दश रुपैंया लिई मास्क उपलब्ध गराउने । मास्क नलगाउने व्यक्तिलाई कार्यालय तथा पसलमा प्रवेश गर्न नदिने ।

२०७८/१/८

सुरेश न्यौपाने
जिल्ला अधिकारी